## 'घ' वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन, २०७४ जारी गर्दा निर्देशन, २०७३ मा गरिएको संशोधन/परिमार्जन सम्बन्धी तालिका

| क्र.सं. | निर्देशनको बुँदा | 'घ' वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन, २०७३ मा उल्लेख भएका व्यवस्थाहरु | 'घ' वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन, २०७४ मा उल्लेखित व्यवस्थाहरु (संशोधन/परिमार्जन/थप पश्चात्) |
|---|---|---|---|
| १. | बुँदा नं. ४.१ | ख. नेपाल राष्ट्र बैंकले तोकेको ढाँचालाई वैधानिक ढाँचा (Statutory Form) को रुपमा लिनु पर्ने<br>लघुवित्त वित्तीय संस्थाहरुले आफ्नो वासलात र नाफा-नोक्सान हिसाव, नगद प्रवाह विवरण र अन्य अनुसूची तथा विवरणहरु यस बैंकले तोकिदिएको ढाँचा र तरिका अनुसार तयार गर्नु पर्नेछ । यसप्रकार तयार गरिएको विवरण साल तमाम भएको ५ (पाँच) महिनाभित्र लेखापरीक्षण सम्पन्न गराउनु पर्नेछ । | ख. नेपाल राष्ट्र बैंकले तोकेको ढाँचालाई वैधानिक ढाँचा (Statutory Form) को रुपमा लिनु पर्ने<br>लघुवित्त वित्तीय संस्थाहरुले आफ्नो वासलात र नाफा-नोक्सान हिसाव, नगद प्रवाह विवरण र अन्य अनुसूची तथा विवरणहरु यस बैंकले तोकिदिएको ढाँचा र तरिका अनुसार तयार गर्नु पर्नेछ । यसप्रकार तयार गरिएको विवरण साल तमाम भएको **४ (चार)** महिनाभित्र लेखापरीक्षण सम्पन्न गराउनु पर्नेछ । |
| २. | | घ. वित्तीय विवरणहरु प्रकाशन गर्नु पर्ने<br>लघुवित्त वित्तीय संस्थाहरुले कानुनी व्यवस्था र तोकिएको अवधिभित्र लेखापरीक्षण सम्पन्न भइसकेपछि संलग्न निर्देशन फा.नं. ४.१ बमोजिमको वासलात, नाफा-नोक्सान हिसाव र नगद प्रवाह विवरणका साथै यी वित्तीय विवरणहरुसँग सम्बन्धीत सबै अनुसूचीहरु तथा विवरणहरु वार्षिक प्रतिवेदन पुस्तिकामा प्रकाशित गर्नु पर्नेछ । साथै, सर्वसाधारणको जानकारीको लागि वासलात, नाफा-नोक्सान हिसाव, नगद प्रवाह विवरण र यस निर्देशनको पुँजीकोष तालिका (अनुसूची नं.४.२४/४.२४(क)) र प्रमुख सुचकाङ्क (अनुसूची नं. ४.२५) अनुसारको विवरण राष्ट्रियस्तरका संस्थाको हकमा राष्ट्रियस्तर र क्षेत्रीय वा जिल्लास्तरका संस्थाको हकमा क्षेत्रीय वा जिल्लास्तरका पत्रिकामा प्रकाशित गर्नु पर्नेछ । **उपर्युक्त विवरणहरु सम्बन्धीत संस्थाले आफ्नो सूचना पाटीमा मात्रै टाँस्न पनि सकिनेछ ।** | घ. वित्तीय विवरणहरु प्रकाशन गर्नु पर्ने<br>लघुवित्त वित्तीय संस्थाहरुले कानुनी व्यवस्था र तोकिएको अवधिभित्र लेखापरीक्षण सम्पन्न भइसकेपछि संलग्न निर्देशन फा.नं. ४.१ बमोजिमको वासलात, नाफा-नोक्सान हिसाव र नगद प्रवाह विवरणका साथै यी वित्तीय विवरणहरुसँग सम्बन्धित सबै अनुसूची तथा विवरणहरु वार्षिक प्रतिवेदन पुस्तिकामा प्रकाशित गर्नु पर्नेछ । साथै, **सर्वसाधारणको जानकारीको लागि** वासलात, नाफा-नोक्सान हिसाव, नगद प्रवाह विवरण र यस निर्देशनको पुँजीकोष तालिका (अनुसूची नं.४.२४/४.२४ (क)) र प्रमुख सूचकाङ्क (अनुसूची नं. ४.२५) अनुसारको विवरण राष्ट्रियस्तरका संस्थाको हकमा राष्ट्रियस्तर र क्षेत्रीयस्तरका संस्थाको हकमा क्षेत्रीय वा जिल्लास्तरका पत्रिकामा **आर्थिक वर्ष समाप्त भएको नौ महिनाभित्र** अनिवार्यरुपमा प्रकाशित गर्नु पर्नेछ । साथै, सम्पूर्ण वार्षिक प्रतिवेदनलाई आफ्नो वेवसाइटमा अद्यावधिक गर्नु पर्नेछ । |
| ३. | | छ. वित्तीय विवरणहरु पेश गर्नु पर्ने<br>लघुवित्त वित्तीय संस्थाहरुले आफ्नो वार्षिक हिसावको आधारमा तयार पारेको वित्तीय विवरण बाह्य लेखापरिक्षकबाट प्रारम्भिक | छ. वित्तीय विवरणहरु पेश गर्नु पर्ने<br>लघुवित्त वित्तीय संस्थाहरुले आफ्नो वार्षिक हिसावको आधारमा तयार पारेको वित्तीय विवरण बाह्य लेखापरिक्षकबाट प्रारम्भिक |

| | | | |
|---|---|---|---|
| | | लेखापरीक्षण कार्य समाप्त भएपछि उक्त प्रारम्भिक प्रतिवेदन, सो प्रतिवेदन उपर व्यवस्थापनको जवाफ तथा सोका आधारमा तयार पारिएको वित्तीय विवरणहरु (वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा यस बैंकको निर्देशन अनुसारका सम्पूर्ण अनुसूचीहरु, कर्जा नोक्सानी व्यवस्थाको विवरण समेत) लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागमा स्वीकृतिका लागि पेश गर्नु पर्नेछ । यस बैंकबाट उक्त विवरणका आधारमा गैरस्थलगत सुपरिवेक्षण गरी कुनै संशोधन गर्नु पर्ने देखिएमा सोको समायोजन आर्थिक वर्षको वित्तीय विवरणमा समावेश गर्नु पर्ने गरिएको छ । यसरी समायोजित वित्तीय विवरणहरु, लेखापरिक्षकको अन्तिम प्रतिवेदन तथा लंगफर्म अडिट रिपोर्ट (Long Form Audit Report, LFAR) तोकिएको अवधिभित्र लेखापरीक्षण सम्पन्न गराई १५ दिनभित्रमा यस बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभाग र लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागहरुमा पेश गर्नु पर्नेछ ।<br><br>लघुवित्त वित्तीय संस्थाले वार्षिक साधारण सभामा स्वीकृतिको लागि पेश गर्ने प्रयोजनार्थ तयार गरेको वार्षिक हिसाब (Annual Accounts) यस बैंकको लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षणको सहमति लिएर मात्र सार्वजनिक गर्नु पर्नेछ । | लेखापरीक्षण कार्य समाप्त भएपछि **तयार भएको** प्रारम्भिक प्रतिवेदन, सो प्रतिवेदन उपर व्यवस्थापनको जवाफ तथा सोका आधारमा तयार पारिएको वित्तीय विवरणहरु (वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा यस बैंकको निर्देशन अनुसारका सम्पूर्ण अनुसूचीहरु, कर्जा नोक्सानी व्यवस्थाको विवरण समेत) **आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र** लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागमा स्वीकृतिका लागि पेश गर्नु पर्नेछ । **उक्त विवरणहरुका आधारमा यस बैंकको गैरस्थलगत सुपरिवेक्षणबाट कुनै संशोधन गर्नु पर्ने विषयमा निर्देशन भएमा सो बमोजिम आर्थिक वर्षको वित्तीय विवरणमा समायोजन गरी आर्थिक वर्ष समाप्त भएको ४ महिना भित्र (म्याद थप भएको अवस्थामा बढीमा थप दुई महिनाभित्र) लेखापरीक्षण कार्य सम्पन्न गर्नु पर्नेछ । साथै, समायोजित वित्तीय विवरणहरु, लेखापरिक्षकको अन्तिम प्रतिवेदन तथा लंगफर्म अडिट रिपोर्ट (Long Form Audit Report, LFAR) लेखापरीक्षण सम्पन्न भएको १५ दिनभित्र यस बैंकको लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागमा पेश गर्नु पर्नेछ ।**<br><br>लघुवित्त वित्तीय संस्थाले वार्षिक साधारण सभामा स्वीकृतिको लागि पेश गर्ने प्रयोजनार्थ तयार गरेको वार्षिक हिसाब (Annual Accounts) यस बैंकको लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षणको सहमति लिएर मात्र सार्वजनिक गर्नु पर्नेछ । |
| ४. | बुँदा नं. ४.१ | **ज. <u>ग्राहक संरक्षण कोष (Client Protection Fund) सम्बन्धी व्यवस्था :</u>**<br>यस बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुले देहाय बमोजिमको रकम ऋणीहरुको हित तथा संस्थागत विकासमा खर्च गर्नेगरी अलग्गै ग्राहक संरक्षण कोष (Client Protection Fund) खडा गरी राख्नु पर्नेछ :<br>• खुद मुनाफाको १ प्रतिशत रकम, र<br>• वार्षिक २० प्रतिशतभन्दा बढी लाभांश (नगद वा बोनस) वितरणको प्रस्ताव गरेमा २० प्रतिशतभन्दा माथिएको प्रस्तावित लाभांशको २५ प्रतिशत रकम । | **ज. <u>ग्राहक संरक्षण कोष (Client Protection Fund) सम्बन्धी व्यवस्था</u>** :<br>यस बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुले देहाय बमोजिमको रकम ऋणीहरुको हित तथा संस्थागत विकासमा खर्च गर्ने गरी अलग्गै ग्राहक संरक्षण कोष (Client Protection Fund) खडा गरी राख्नु पर्नेछ :<br>• खुद मुनाफाको १ प्रतिशत रकम,<br>• वार्षिक २० प्रतिशतभन्दा बढी लाभांश (नगद वा बोनस) वितरणको प्रस्ताव गरेमा २० प्रतिशतभन्दा माथिको प्रस्तावित लाभांशको २५ प्रतिशत रकम र |

| | | | |
|---|---|---|---|
| | | ग्राहक संरक्षण कोषको रकम ऋणीहरुको सामुहिक हित हुने कार्य गर्न, समस्यामा परेका ऋणीको व्यवसायको सुरक्षण एवं पुनर्स्थापना गर्न तथा ग्राहकहरुको शिक्षा र क्षमता विकासमा उपयोग हुने गरी खर्च गर्नु पर्नेछ । यस प्रयोजनको लागि सम्बन्धित लघुवित्त वित्तीय संस्थाले छुट्टै कार्यविधि तयार गरी यस बैंकबाट स्वीकृत गराई लागु गर्नु पर्नेछ । यस्तो कोषमा रहेको रकम पूँजीको गणना प्रयोजनको लागि पुरक पूँजीमा गणना गर्न सकिनेछ ।<br><br>यो व्यवस्था आ.व. २०७२/७३ को वार्षिक हिसाव तयार गरी स्वीकृति गर्ने समय देखि लागू हुनेछ । | • **साविकको व्यवस्था बमोजिम निश्चित प्रयोजनका लागि ग्राहकहरुबाट संकलन गरिएको शुल्क समेतबाट खडा गरिएको लघुसुरक्षण कोष जस्ता कोषहरुमा जम्मा गरिएको रकम ।**<br><br>**उपरोक्त बमोजिम ग्राहक संरक्षण कोष (Client Protection Fund) खडा गरी राखेको रकम ऋणीहरुको सामुहिक हित हुने कार्य गर्न, समस्यामा परेका ऋणीको व्यवसायको सुरक्षण एवम् पुनर्स्थापना गर्न तथा ग्राहकहरुको शिक्षा र क्षमता विकासमा उपयोग हुने गरी खर्च गर्नु पर्नेछ । यसरी खर्च भई बाँकी रहेको रकम रकमान्तर गरी आम्दानी जनाउने कार्य कोषको उद्देश्य विपरित हुने देखिएको हुँदा त्यस्तो कोषको रकम आम्दानी जनाउन नपाइने र Earmark गरी छुट्टै लगानी गर्नुपर्ने व्यवस्था गरिएको छ । यस्तो कोषमा रहेको रकम पुँजीको गणना प्रयोजनको लागि पुरक पुँजीमा गणना गर्न सकिनेछ ।**<br><br>यस प्रयोजनको लागि लघुवित्त वित्तीय संस्थाले छुट्टै कार्यविधि तयार गरी यस बैंकबाट स्वीकृत गराई लागु गर्नु पर्नेछ । |
| ५. | बुँदा नं. ६.१ | (४) एक भन्दा बढी इजाजतपत्रप्राप्त संस्थाको सञ्चालक हुन नपाइने<br><br>एउटा लघुवित्त वित्तीय संस्थामा सञ्चालक रहेको व्यक्ति एकैपटक अर्को इजाजतपत्रप्राप्त संस्था तथा सहकारी ऐन, २०४८ अन्तर्गत संचालित बचत तथा ऋण सहकारी संस्था समेतको सञ्चालक, सल्लाहकार वा कुनै पनि पदमा रहन पाइने छैन । तर, देहाय अनुसार हुन यस निर्देशनले बाधा पुऱ्याएको मानिने छैन ।<br>(क) **नेपाल सरकारको लगानी भएका इजाजतपत्र प्राप्त संस्थाले अर्को इजाजतपत्रप्राप्त संस्थामा लगानी गरेको कारणले त्यस्तो इजाजतपत्रप्राप्त संस्थामा सञ्चालक मनोनयन गर्नु पर्दा नेपाल सरकारको स्वीकृति लिई आफ्नो कुनै सञ्चालक त्यस्तो अर्को इजाजतपत्रप्राप्त संस्थाको सञ्चालकमा मनोनयन हुन,**<br>(ख) **नाफा कमाउने उद्देश्य नभएका सामाजिक सेवामा संलग्न संस्थाहरु जस्तैः धार्मिक, शैक्षिक, सांस्कृतिक, परोपकारी जस्ता संस्थाहरुको नियमको परिधिभित्र रही सञ्चालक हुन ।** | (४) **एक भन्दा बढी इजाजतपत्र प्राप्त संस्थाको सञ्चालक, सल्लाहकार वा कार्यकारी अधिकार प्रयोग गर्ने अन्य कुनै पदमा रहन नपाइने**<br><br>एउटा लघुवित्त वित्तीय संस्थामा सञ्चालक रहेको व्यक्ति एकैपटक अर्को इजाजतपत्रप्राप्त संस्था **लगायत** सहकारी ऐन, २०४८ अन्तर्गत संचालित बचत तथा ऋण सहकारी संस्था **तथा बीमा सम्बन्धी व्यवसाय सञ्चालन गर्ने संगठित संस्था** समेतको सञ्चालक, सल्लाहकार वा कुनै पनि पदमा रहन पाइने छैन । |

| | | | |
|---|---|---|---|
| ६. | | सम्बन्धित बुँदा नभएको । | **१४. लघुवित्त वित्तीय संस्थाको संस्थापक, सञ्चालक वा शून्य दशमलव एक प्रतिशतभन्दा बढी शेयर लिएको शेयरधनी तथा निजको परिवार सोही संस्थाको स्वतन्त्र सञ्चालक हुन पाउने छैन ।**<br>**स्वतन्त्र सञ्चालकले धारण गरेको शेयर स्वामित्व गणना गर्दा परिवारका सबै सदस्यहरुले धारण गरेको कुल शेयर संख्यालाई आधार मान्नु पर्नेछ ।** |
| ७. | बुँदा नं. ६.२ | (ड) प्रचलित कानुनले तोकेको अवस्थामा बाहेक लघुवित्त वित्तीय संस्थाका गैर कार्यकारी सञ्चालक तथा अन्य सञ्चालकहरुले प्रमुख कार्यकारी अधिकृतको अनुपस्थितिमा प्रमुख कार्यकारी अधिकृतको हैसियतले दैनिक कार्यसञ्चालन गर्न पाइने छैन । साथै, गैर कार्यकारी अध्यक्ष तथा सञ्चालकहरुले आफ्नो संस्थाको लेटरप्याड तथा छाप प्रयोग गरी कुनै पनि पत्राचार गर्न पाइने छैन । तर गैर कार्यकारी अध्यक्षलाई **बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा २४ को उपदफा (६)** बमोजिम सञ्चालकले लघुवित्त वित्तीय संस्थाको व्यवस्थापनको दैनिक काम कारवाहीमा हस्तक्षेप गर्नु हुँदैन भन्ने व्यवस्थाको अधिनमा रही दैनिक कार्यसञ्चालनसँग सम्बन्धित बाहेकका विषयमा लेटरप्याड तथा छाप प्रयोग गरी पत्राचार गर्न भने यस व्यवस्थाले बाधा पर्ने छैन । | (ड) प्रचलित कानुनले तोकेको अवस्थामा बाहेक लघुवित्त वित्तीय संस्थाका गैर कार्यकारी सञ्चालक तथा अन्य सञ्चालकहरुले प्रमुख कार्यकारी अधिकृतको अनुपस्थितिमा प्रमुख कार्यकारी अधिकृतको हैसियतले दैनिक कार्यसञ्चालन गर्न पाइने छैन । साथै, अध्यक्ष तथा सञ्चालकहरुले आफ्नो संस्थाको लेटरप्याड तथा छाप प्रयोग गरी कुनै पनि पत्राचार गर्न पाइने छैन । तर अध्यक्षलाई **बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा २३ को उपदफा (४)** बमोजिम सञ्चालकले लघुवित्त वित्तीय संस्थाको व्यवस्थापनको दैनिक काम कारवाहीमा हस्तक्षेप गर्नु हुँदैन भन्ने व्यवस्थाको अधिनमा रही दैनिक कार्यसञ्चालनसँग सम्बन्धित बाहेकका विषयमा लेटरप्याड तथा छाप प्रयोग गरी पत्राचार गर्न भने यस व्यवस्थाले बाधा पर्ने छैन । |
| ८. | | (ण) लघुवित्त वित्तीय संस्थामा निर्वाचित/मनोनयन भएको प्रत्येक सञ्चालकले आफू निर्वाचित वा मनोनित भएको मितिले बढीमा पैंतीस दिनभित्र पद तथा गोपनियताको शपथ लिइ सक्नु पर्नेछ । अन्यथा, उक्त सञ्चालकको निर्वाचन/ मनोनयन स्वत: खारेज हुनेछ । | (ण) लघुवित्त वित्तीय संस्थामा निर्वाचित/मनोनयन भएको प्रत्येक सञ्चालकले आफू निर्वाचित वा मनोनित भएको मितिले बढीमा पैंतीस दिनभित्र **बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १२७ बमोजिम** पद तथा गोपनियताको शपथ लिइ सक्नु पर्नेछ । **अध्यक्षले सपथ लिँदा काठमाडौं उपत्यकाभित्र प्रधान कार्यालय रहेका राष्ट्रिय स्तरका संस्थाहरुको हकमा यस बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक वा निर्देशक समक्ष र काठमाडौं उपत्यका बाहिर प्रधान कार्यालय रहेको संस्थाहरुको हकमा सम्बन्धित क्षेत्र हेर्ने नेपाल राष्ट्र बैंक कार्यालयको निर्देशक समक्ष पद तथा गोपनियताको सपथ लिनु पर्नेछ । त्यसैगरी, सञ्चालक तथा कार्यकारी प्रमुखले संस्थाको अध्यक्ष समक्ष र अन्य पदाधिकारी तथा कर्मचारीले कार्यकारी प्रमुख** |

| | | | |
|---|---|---|---|
| | | | **वा निजले तोकेको पदाधिकारी समक्ष सपथ लिनु पर्नेछ । यस व्यवस्था बमोजिम सपथ नलिएमा सम्बन्धित अध्यक्ष, सञ्चालक, पदाधिकारी वा कर्मचारीको पद स्वत: खारेज हुनेछ ।** |
| ९. | | (त) कार्यकारी प्रमुखको सेवा सुविधाको निर्धारण तोकिएको मार्गदर्शन अनुसार गर्नु पर्ने ।<br>लघुवित्त वित्तीय संस्थाहरुको लागि बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ८४ मा भएको व्यवस्था समेतको आधारमा व्यवस्थापन खर्च एवम् कार्यकारी प्रमुखको तलव, भत्ता तथा अन्य आर्थिक सुविधाहरु निर्धारण गर्ने सम्बन्धमा यस बैंकद्वारा जारी मार्गदर्शनमा उल्लिखित मापदण्ड अनुसार गर्नु पर्ने छ । | (त) कार्यकारी प्रमुखको सेवा सुविधाको निर्धारण तोकिएको मार्गदर्शन अनुसार गर्नु पर्ने ।<br>लघुवित्त वित्तीय संस्थाहरुको लागि **बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १२०** मा भएको व्यवस्था समेतको आधारमा व्यवस्थापन खर्च एवम् कार्यकारी प्रमुखको तलव, भत्ता तथा अन्य आर्थिक सुविधाहरु निर्धारण गर्ने सम्बन्धमा यस बैंकद्वारा जारी मार्गदर्शनमा उल्लिखित मापदण्ड अनुसार गर्नु पर्ने छ । |
| १०. | बुँदा नं. ६.३ को खण्ड (१२) | नभएको । | **१२. लघुवित्त वित्तीय संस्थाको कार्यकारी प्रमुख अर्को कुनै व्यवसायिक संस्थामा कार्यकारी प्रमुख, पदाधिकारी, कर्मचारी वा अन्य कुनै पदमा रही काम गर्न पाउने छैन । तर संस्थाले 'पूर्वाधार विकास बैंक' मा लगानी गरेको अवस्थामा सो संस्थाको सञ्चालक हुन यस व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन ।**<br>**यस प्रयोजनका लागि 'व्यवसायिक संस्था' भन्नाले मुनाफा आर्जन गर्ने उद्देश्य राखी सञ्चालित कुनै पनि संस्थालाई बुझ्नु पर्नेछ ।** |
| ११. | बुँदा नं. ६.५ | **६.५ आन्तरिक समिति/उप-समिति सम्बन्धी व्यवस्था**<br>(१) **बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा १४ तथा दफा १५** मा भएको व्यवस्था अनुसार सञ्चालक समितिले आफ्नो जवाफदेहीमा देहाय बमोजिम हुने गरी समिति/उप-समिति गठन गरी काम, कर्तव्य र अधिकार समेत तोक्नु पर्नेछ :<br>(क) लघुवित्त वित्तीय संस्थाले आफ्नो काम कारवाहीलाई प्रभावकारी रुपमा सञ्चालन गर्न **सञ्चालक संयोजक वा सदस्य** हुने गरी देहायका विषयसँग सम्बन्धित समिति वा उप-समिति मात्र गठन गर्न सक्नेछ ।<br>• लेखापरीक्षण | **६.६ आन्तरिक समिति/उप-समिति सम्बन्धी व्यवस्था**<br>(१) **बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा २२, २६, २७, ६० र ६१** मा भएको व्यवस्था अनुसार सञ्चालक समितिले आफ्नो जवाफदेहीमा देहाय बमोजिम हुने गरी समिति/उप-समिति गठन गरी काम, कर्तव्य र अधिकार समेत तोक्नु पर्नेछ :<br>(क) लघुवित्त वित्तीय संस्थाले आफ्नो काम कारवाहीलाई प्रभावकारी रुपमा सञ्चालन गर्न **सञ्चालकको संयोजकत्वमा** देहायका समिति वा उप-समिति मात्र गठन गर्न सक्नेछ ।<br>• लेखापरीक्षण समिति<br>• जोखिम व्यवस्थापन समिति |

| | | | |
|---|---|---|---|
| | | • जोखिम व्यवस्थापन र<br>• कर्मचारी सेवा सुविधा<br><br>(घ) खण्ड (क) बमोजिम गठन हुने **समितिमा** आवश्यकता अनुसार आमन्त्रण गरिने विशेषज्ञ व्यक्ति सहित कम्तीमा ३ देखि बढीमा ५ जनासम्म सदस्य हुन सक्ने छन् । | • कर्मचारी सेवा सुविधा समिति<br>• **सम्पत्ति शुद्धीकरण अनुगमन समिति**<br><br>(घ) खण्ड (क) बमोजिम समिति गठन गर्दा **लेखापरीक्षण समितिमा ३ जना र अन्य समितिमा** आवश्यकता अनुसार आमन्त्रण गरिने विशेषज्ञ व्यक्ति सहित कम्तीमा ३ देखि बढीमा ५ जनासम्म सदस्य हुन सक्ने छन् । |
| १२. | | (२) **लेखापरीक्षण समिति सम्बन्धी व्यवस्था**<br>(ञ) कम्पनी ऐन, २०६३ को दफा १६५ मा उल्लेख भएका कार्यहरु गर्ने । | (२) **लेखापरीक्षण समिति सम्बन्धी व्यवस्था**<br>(ञ) **बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६१ र** कम्पनी ऐन, २०६३ को दफा १६५ मा उल्लेख भएका कार्यहरु गर्ने । |
| १३. | बुँदा नं. ६.९ | ६.९ लघुवित्त वित्तीय संस्थाहरुले आफ्नो नियमावलीमा तोकिए बमोजिम सञ्चालक समितिको अध्यक्ष, सञ्चालक, वैकल्पिक सञ्चालक बैठकमा उपस्थित भए बापत पाउने बैठक भत्ता, सञ्चालक कार्यकारी भई कार्य गरेमा पारिश्रमिक समेत र टेलिफोन, मोवाइल तथा पत्रपत्रिका खर्च एवम् संस्थाको काममा स्वदेश र विदेशमा भ्रमण गर्दा लाग्ने खर्च जस्ता अन्य सुविधा बाहेक गैरकार्यकारी अध्यक्ष तथा अन्य सञ्चालकहरुले व्यक्तिगत फाइदा हुने आर्थिक र गैर आर्थिक कुनै पनि प्रकृतिका सुविधा लिन पाइने छैन । **यसरी आर्थिक र गैर आर्थिक सुविधा लिएको खण्डमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा २४ को उपदफा (१) को व्यवस्था उल्लंघन गरेको मानिनेछ । यसरी लिएको आर्थिक तथा गैर आर्थिक सुविधा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा २१ को उपदफा (२) बमोजिम कसूर गरेको मानी असुलउपर गरिनेछ ।** | ६.१० लघुवित्त वित्तीय संस्थाहरुले आफ्नो नियमावलीमा तोकिए बमोजिम सञ्चालक समितिको अध्यक्ष, सञ्चालक, वैकल्पिक सञ्चालक बैठकमा उपस्थित भए बापत पाउने बैठक भत्ता, सञ्चालक कार्यकारी भई कार्य गरेमा पारिश्रमिक समेत र टेलिफोन, मोवाइल तथा पत्रपत्रिका खर्च एवम् संस्थाको काममा स्वदेश र विदेशमा भ्रमण गर्दा लाग्ने खर्च जस्ता अन्य सुविधा बाहेक गैरकार्यकारी अध्यक्ष तथा अन्य सञ्चालकहरुले व्यक्तिगत फाइदा हुने आर्थिक र गैर आर्थिक कुनै पनि प्रकृतिका सुविधा लिन पाइने छैन । **यसरी आर्थिक र गैर आर्थिक सुविधा लिएको खण्डमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा २३ को उपदफा (१) को व्यवस्था उल्लंघन गरेको मानी सम्बन्धित सञ्चालकबाट असुलउपर गरिनेछ ।** |
| १४. | बुँदा नं. ६.११ | ६.११ यस बैंकले प्रकाशित गर्ने गरेको व्यावसायिक विशेषज्ञ तथा लेखापरिक्षकको सूचीमा रहेका व्यक्ति तथा निज सहभागी हुने वा भएको साझेदारी फर्म, कम्पनी तथा संस्थाहरु समेतलाई विपक्षी बनाई अख्तियार प्राप्त निकायले मुद्दा दायर गरेमा स्वतः यस बैंकले | ६.१२ **अख्तियार प्राप्त निकायले कुनै व्यक्ति तथा निज सहभागी हुने वा भएको साझेदारी फर्म, कम्पनी तथा संस्थाहरु समेतलाई विपक्षी बनाई मुद्दा दायर गरेमा सो व्यक्ति तथा निजका साझेदारी फर्मलाई लेखापरीक्षकमा नियुक्त गर्न पाइने छैन । तर, सफाई पाएको खण्डमा आधिकारिक पत्र प्राप्त भए पछि लेखापरीक्षकमा** |

| | | | |
|---|---|---|---|
| | | प्रकाशित गर्ने सूचीबाट हटाइने छ । सफाई पाएको खण्डमा आधिकारिक पत्र प्राप्त भए पछि स्वतः सूचीमा समावेश गरिने छ । तर, मुद्दा दायर हुनुभन्दा अगाडि लघुवित्त वित्तीय संस्थाहरुको साधारणसभाबाट लेखापरिक्षक नियुक्ति भएको हकमा भने काम सम्पन्न गर्न यस व्यवस्थाले कुनै बाधा पर्ने छैन । | **नियुक्त गर्न सकिनेछ । मुद्दा दायर हुनु अघि लघुवित्त वित्तीय संस्थाको साधारणसभाबाट लेखापरीक्षक नियुक्ति भएको हकमा भने निर्धारित काम सम्पन्न गर्न यस व्यवस्थाले कुनै बाधा पर्ने छैन ।** |
| १५. | बुँदा नं. ६.१५ | नभएको । | **६.१५ सम्पत्ति विवरण तथा स्वघोषणा सम्बन्धी व्यवस्थाः**<br>**लघुवित्त संस्थाले आफना सञ्चालक, प्रमुख कार्यकारी अधिकृत तथा अधिकृत स्तरका कर्मचारीहरु र निजका परिवारको नाममा रहेको चलअचल सम्पत्ति र बैंक तथा वित्तीय संस्थाबाट लिएको ऋणको विवरण हरेक आर्थिक वर्ष समाप्त भएको ३५ दिनभित्र अद्यावधिक गरी राख्नुपर्नेछ । साथै, इजाजतपत्रप्राप्त संस्थाले प्रमुख कार्यकारी अधिकृत तथा अधिकृत स्तरका कर्मचारीहरु नियुक्ति गर्दा सम्बन्धित व्यक्तिसँग यस निर्देशनको अनुसूची नं. घ ६.५ बमोजिमको स्वघोषण गराउनु पर्नेछ ।** |
| १६. | बुँदा नं. १०.१४ | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ९(२) को प्रयोजनको लागि यस बैंकको स्वीकृति लिई ५१ प्रतिशतभन्दा बढी संस्थापक समुहको शेयर स्वामित्व रहेका लघुवित्त वित्तीय संस्थाका संस्थापक शेयरधनीहरुले चाहेमा संस्थापक समुहको शेयर स्वामित्व कम्तिमा ५१ प्रतिशत कायम रहने गरी बाँकी शेयर सर्वसाधारण शेयर सरह दोस्रो पुँजी बजार (Secondary Capital Market) मार्फत कारोवार गर्न सक्ने छन् । यस सम्बन्धमा आवश्यक शर्तहरु यस बैंकले तोक्न सक्नेछ । | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ११ (४) को प्रयोजनको लागि यस बैंकको स्वीकृति लिई ५१ प्रतिशतभन्दा बढी संस्थापक समूहको शेयर स्वामित्व रहेका लघुवित्त वित्तीय संस्थाका संस्थापक शेयरधनीहरुले चाहेमा संस्थापक समूहको शेयर स्वामित्व कम्तिमा ५१ प्रतिशत कायम रहने गरी बाँकी शेयर सर्वसाधारण शेयर सरह **धितोपत्रको दोस्रो बजार (Secondary Market)** मार्फत् कारोवार गर्न सक्ने छन् । यस सम्बन्धमा आवश्यक शर्तहरु यस बैंकले तोक्न सक्नेछ । |
| १७. | बुँदा नं. १४.१ | **१४.१ शाखा/कार्यालय खोल्ने सम्बन्धी व्यवस्था**<br>(ङ) लघुवित्त सेवाको पहुँच कम भएका मनाङ्ग, हुम्ला, डोल्पा, कालिकोट, मुगु, जाजरकोट, बझाङ्ग, बाजुरा, दार्चुला, ओखलढुंगा, जुम्ला, अछाम, बैतडी, रुकुम, सल्यान, भोजपुर, मुस्ताङ्ग, रोल्पा, ताप्लेजुङ्ग, खोटाङ्ग, रसुवा र सोलुखुम्बु गरी २२ जिल्लामा लघुवित्त वित्तीय संस्थाले शाखा खोली वित्तीय कारोवार सञ्चालन गरेमा प्रति शाखा **रु. ३० लाख** शुन्य व्याजदरमा कर्जा सुविधा उपलव्ध गराइनेछ । | **१४.१ शाखा/कार्यालय खोल्ने सम्बन्धी व्यवस्था**<br>(ङ) लघुवित्त सेवाको पहुँच कम भएका मनाङ, हुम्ला, डोल्पा, कालिकोट, मुगु, जाजरकोट, बझाङ, बाजुरा, दार्चुला, ओखलढुंगा, जुम्ला, अछाम, बैतडी, रुकुम, सल्यान, भोजपुर, मुस्ताङ, रोल्पा, ताप्लेजुङ, खोटाङ, रसुवा र सोलुखुम्बु गरी २२ जिल्लामा लघुवित्त वित्तीय संस्थाले शाखा खोली वित्तीय कारोवार सञ्चालन गरेमा प्रति शाखा **रु. ४० लाख** शुन्य व्याजदरमा कर्जा सुविधा उपलव्ध गराइनेछ । |

| | | | |
|---|---|---|---|
| | | यस्तो कर्जा सुविधा "शुन्य ब्याजदरमा कर्जा प्रवाह सम्बन्धी प्रकृयागत व्यवस्था, २०६७" मा उल्लिखित प्रक्रिया बमोजिम प्रदान गरिनेछ (अनुसूची १४.२ र १४.३) । | यस्तो कर्जा सुविधा "शुन्य ब्याजदरमा कर्जा प्रवाह सम्बन्धी प्रकृयागत व्यवस्था, २०६७" मा उल्लिखित प्रक्रिया बमोजिम प्रदान गरिनेछ । (अनुसूची १४.२ र १४.३) |
| १८. | अनुसूचि-घ १४.२ | **शुन्य ब्याजदरमा कर्जा प्रवाह सम्बन्धी प्रकृयागत व्यवस्था, २०६७**<br>वित्तीय सेवाको पहुँच कम भएका तोकिएका २२ जिल्लामा लघुवित्त वित्तीय संस्थाले शाखा खोलेमा रु. ३० लाख शुन्य ब्याजदरमा कर्जा दिने सम्बन्धमा देहाय बमोजिमको प्रकृयागत व्यवस्था तर्जुमा गरिएको छ । | **शुन्य ब्याजदरमा कर्जा प्रवाह सम्बन्धी प्रकृयागत व्यवस्था, २०६७**<br>वित्तीय सेवाको पहुँच कम भएका विभिन्न प्रदेशमा रहेका २२ जिल्लाहरु **(मनाङ, हुम्ला, डोल्पा, कालिकोट, मुगु, जाजरकोट, बझाङ, बाजुरा, दार्चुला, ओखलढुंगा, जुम्ला, अछाम, बैतडी, रुकुम, सल्यान, भोजपुर, मुस्ताङ, रोल्पा, ताप्लेजुङ, खोटाङ, रसुवा र सोलुखुम्बु)** मा लघुवित्त वित्तीय संस्थाले शाखा खोलेमा बढीमा **एक वर्षको लागि रु. ४० लाख** शुन्य ब्याजदरमा कर्जा दिने सम्बन्धमा देहाय बमोजिमको प्रकृयागत व्यवस्था तर्जुमा गरिएको छ । |
| १९. | बुँदा नं. १४.२ | क) इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाले यस बैंकको पुर्व स्वीकृति बिना शाखा वा कुनै पनि किसिमको कार्यालय बन्द गर्न वा स्थानान्तरण गर्न वा गाभ्न पाउने छैनन् ।<br>**तर, २०७२ बैशाखको भूकम्पबाट अति प्रभावित काठमाडौं उपत्यका बाहेकका जिल्लाहरुमा रहेका इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाका शाखा स्वीकृत स्थानमा रहन असुविधा हुन गएमा सोही जिल्लाको अन्य उपयुक्त स्थानमा त्यस्तो शाखा स्थानान्तरण गर्न यस बैंकको पूर्व स्वीकृति लिनु पर्ने छैन ।** | क) इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाले यस बैंकको पुर्व स्वीकृति बिना शाखा वा कुनै पनि किसिमको कार्यालय बन्द गर्न वा स्थानान्तरण गर्न वा गाभ्न पाउने छैनन् । |
| २०. | बुँदा नं १६.६ | **वित्तीय सेवाको पहुँच न्यून रहेका जिल्लामा निक्षेप संकलन गर्ने व्यवस्था** :<br>लघुवित्त वित्तीय संस्थाहरुले यस बैंकको स्वीकृति लिई वित्तीय सेवाको पहुँच कम रहेका मनाङ्ग, हुम्ला, डोल्पा, कालिकोट, मुगु, जाजरकोट, बझाङ्ग, बाजुरा र दार्चुला गरी **९ जिल्लामा** मात्र कार्यक्षेत्र रहने गरी खोलिएका लघुवित्त वित्तीय संस्थाले आफ्नो संस्थाको प्राथमिक पुँजीको बढीमा ५ गुणासम्म सर्वसाधारणबाट निक्षेप संकलन गर्न सक्ने छन् । | **वित्तीय सेवाको पहुँच न्यून रहेका जिल्लामा निक्षेप संकलन गर्ने व्यवस्था :**<br>लघुवित्त वित्तीय संस्थाहरुले यस बैंकको स्वीकृति लिई वित्तीय सेवाको पहुँच कम रहेका मनाङ्ग, हुम्ला, डोल्पा, कालिकोट, मुगु, जाजरकोट, बझाङ्ग, बाजुरा , दार्चुला **र जुम्ला** गरी **१० जिल्लामा** मात्र कार्यक्षेत्र रहने गरी खोलिएका लघुवित्त वित्तीय संस्थाले आफ्नो संस्थाको प्राथमिक पुँजीको बढीमा ५ गुणासम्म सर्वसाधारणबाट निक्षेप संकलन गर्न सक्ने छन् । |

| | | | |
|---|---|---|---|
| २१. | बुँदा नं १६.७ | **सेवा शुल्क सम्बन्धमा**<br>लघुवित्त वित्तीय संस्थाहरुले निक्षेप खाता सञ्चालन गरे वापत ग्राहकबाट कुनै किसिमको सेवा शुल्क लिन पाइने छैन । | **सेवा शुल्क सम्बन्धमा**<br>(क) लघुवित्त वित्तीय संस्थाले निक्षेप खाता सञ्चालन गरे वापत ग्राहकबाट कुनै किसिमको सेवा शुल्क लिन पाइने छैन ।<br>**(ख) कर्जा प्रवाह गर्दा लघुवित्त वित्तीय संस्थाले स्वीकृत कर्जामा २ प्रतिशत भन्दा बढी सेवा शुल्क लिन पाउने छैन ।** |
| २२. | बुँदा नं १६.८ | लघुवित्त वित्तीय संस्थाले निश्चित प्रयोजनको लागि ग्राहक सदस्यहरुबाट संकलन गरिएको शुल्क समेतबाट खडा गरिएको लघुसुरक्षण कोष जस्ता कोषमा रहेको रकम सदस्यहरु कै हकहितमा खर्च गर्नु पर्नेछ । यसरी खर्च भई बाँकी रहेको रकम रकमान्तर गरी आम्दानी जनाउने कार्य कोषको उद्देश्य विपरित हुने देखिएको हुँदा त्यस्तो कोषको रकम आम्दानी जनाउन नपाइने र Earmark गरी छुट्टै लगानी गर्नुपर्ने व्यवस्था गरिएको छ । | हटाइएको |
| २३. | बुँदा नं १७.१ | (ख) लघुवित्त वित्तीय संस्थाले लिएको सापटी रकम लक्षित वर्गमा प्रवाह नगरेको खण्डमा प्रचलित बैंकदरको हिसाबले त्रैमासिक रुपमा (असोज, पुस, चैत र असारमा) हर्जाना लगाईनेछ । यस्तो हर्जाना विपन्न वर्ग अन्तर्गत अघिल्लो त्रयमासको अन्तमा बाँकी कुल सापटी रकम भन्दा पछिल्लो त्रयमासको अन्तमा रहेको कुल कर्जाको बाँकी रकम कम भएमा सो कम भएको रकममा मात्र लगाइनेछ । तर, अघिल्लो त्रयमासको अन्तमा बाँकी सापटी रकम पछिल्लो त्रयमासमा घटेको अवस्थामा सो हदसम्म हर्जाना लगाइने छैन । | (ख) लघुवित्त वित्तीय संस्थाले लिएको सापटी रकम लक्षित वर्गमा प्रवाह नगरेको खण्डमा प्रचलित बैंकदरको हिसाबले त्रैमासिक रुपमा (असोज, पुस, चैत र असारमा) हर्जाना लगाईनेछ । यस्तो हर्जाना विपन्न वर्ग अन्तर्गत अघिल्लो त्रयमासको अन्तमा बाँकी कुल सापटी रकम भन्दा पछिल्लो त्रयमासको अन्तमा रहेको कुल कर्जाको बाँकी रकम कम भएमा सो कम भएको रकममा मात्र लगाइनेछ । तर, अघिल्लो त्रयमासको अन्तमा बाँकी सापटी रकम **भन्दा** पछिल्लो त्रयमासमा घटेको अवस्थामा सो हदसम्म हर्जाना लगाइने छैन । |
| २४. | बुँदा नं १८.४ | लघुवित्त वित्तीय संस्था स्तरोन्नति गर्ने कार्य हाललाई स्थगित गरिएको छ । | हटाइएको । |
| २५. | बुँदा नं २२.९ | चेक मार्फत् कारोबार गर्ने सम्बन्धमा लघुवित्त वित्तीय संस्थाहरुले सम्पत्ति शुद्धिकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को उद्देश्यलाई समेत सहयोग पुऱ्याउन रु. ३० लाख वा सो भन्दा बढीको रकम भुक्तानी गर्दा अनिवार्य रुपमा एकाउन्टपेयी चेक मार्फत् गर्नु पर्नछ । | चेक मार्फत् कारोबार गर्ने सम्बन्धमा लघुवित्त वित्तीय संस्थाहरुले सम्पत्ति शुद्धिकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को उद्देश्यलाई समेत सहयोग पुऱ्याउन रु. **१० लाख** वा सो भन्दा बढीको रकम भुक्तानी गर्दा अनिवार्य रुपमा एकाउन्टपेयी चेक मार्फत् गर्नु पर्नछ । |

| | | | |
|---|---|---|---|
| २६. | बुँदा नं. २३ | २०७२ बैशाख १२ गतेको भुकम्प र तत्पश्चात सीमानाकामा उत्पन्न अवरोध पछि गरिएका विशेष व्यवस्थाहरु | हटाइएको । |
| २७. | बुँदा नं. २६ | **२६. खारेजी र बचाउ**<br>(१) **यस बैंकबाट यसअघि लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएका देहायका निर्देशनहरु खारेज गरिएको छ :-** यस बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन, २०७२ बाट लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन तथा सो पश्चात मिति २०७३ असार मसान्तसम्म जारी भएका यसै विषयसंग सम्बन्धित सम्पूर्ण परिपत्रहरु । | **२५. खारेजी र बचाउ**<br>१) **यस बैंकबाट यसअघि लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएका देहायका निर्देशनहरु खारेज गरिएको छ :-** यस बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन, **२०७३** बाट लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन तथा सो पश्चात मिति **२०७४ साउन ९ गतेसम्म** जारी भएका यसै विषयसंग सम्बन्धित सम्पूर्ण परिपत्रहरु । |
| २८. | निर्देशनको विभिन्न बुँदाहरुमा उल्लेखित | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, **२०६३** | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, **२०७३** |